प्रेस विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूसँग आज मिति २०७६ माघ २६ गते उहाँकै कार्यकक्षमा बंगलादेशका सेना प्रमुख General Aziz Ahmed ले शिष्टाचार भेट गर्नुभयो ।

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले बंगलादेशका सेना प्रमुख तथा उहाँसँगै नेपाल भ्रमणमा आउनुभएका बंगलादेशी सेनाका वरिष्ठ अधिकृतहरूलाई आफ्नो कार्यकक्षमा स्वागत गर्दै नेपाल र बंगलादेशबीच विगत पाँच दशकदेखि अत्यन्त घनिष्ठ र मैत्रीपूर्ण सम्वन्ध रहेको कुरा चर्चा गर्नुभयो । सन् १९७२ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता दुई देशबीच अति सौहार्द्रपूर्ण सम्बन्ध रहँदै आएको र यो सम्बन्ध सरकारी स्तरमा मात्र नभएर जनस्तरसम्म विस्तार भएको कुरा उहाँले उल्लेख गर्नुभयो । दुई देशबीचको मैत्रीपूर्ण सम्बन्धलाई समयको गतिसँगै निरन्तरता दिई थप उचाइमा पुर्‍याउन आवश्यक रहेको कुरामा उहाँले जोड दिनुभयो । बंगलादेश र नेपाल दक्षिण एशियाका दुई विकासोन्मुख मुलुकका रूपमा रहेको चर्चा गर्दै उहाँले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा दुई देशको साझा धारणा रहँदै आएको विचार व्यक्त गर्नुभयो । दुई देशका सेनाबीच समेत असल र मैत्रीपूर्ण सम्बन्ध रहेको कुरा उल्लेख गर्दै माननीय उपप्रधानमन्त्रीज्यूले संयुक्त सैनिक अभ्यास तथा तालिम मार्फत दुई देशको सेनाबीचको सम्बन्धलाई थप सुदृढ बनाउन सकिने विश्वास व्यक्त गर्नुभयो । वि.सं. २०७२ सालको विनाशकारी भूकम्प पश्चात् पीडितहरूलाई राहत उपलब्ध गराउन बंगलादेश सरकारले उपलब्ध गराएको सहयोगका लागि माननीय उपप्रधानमन्त्रीज्यूले धन्यवाद व्यक्त गर्नुभयो । नेपाल र बंगलादेश दुवैले संयुक्त राष्ट्रसंघको शान्ति स्थापना कार्यमा महत्त्वपूर्ण योगदान गरिरहेको कुरा उल्लेख गर्दै दुई देशका सेनाबीच विश्वमा शान्ति स्थापना गर्ने लगायतका विभिन्न क्षेत्रमा सहकार्य गर्न सकिने धारणा उहाँले राख्नुभयो । साथै, उहाँले दुई देशका जनता, सरकार र सैनिक संगठनहरूको बीचमा रहेको सुमधुर सम्बन्धलाई थप सुदृढ बनाउँदै आगामी दिनमा पारस्परिक सहयोगको क्षेत्रलाई थप फराकिलो पार्दै जान आवश्यक रहेको कुरा औंल्याउनुभयो ।

बंगलादेशका सेना प्रमुख General Aziz Ahmed ले बंगलादेशको स्वतन्त्रतालाई समर्थन गर्ने नेपाल सातौं राष्ट्र रहेको कुरा उल्लेख गर्नुहुँदै दुई देशबीच विगत पाँच दशकदेखि अत्यन्त घनिष्ट र मैत्रीपूर्ण सम्बन्ध रहेको कुरा उल्लेख गर्नुभयो । उहाँले बंगलादेशलाई विभिन्न विपद्को समयमा नेपालले उपलब्ध गराएको मानवीय सहयोगका लागि नेपाल सरकारलाई आभार व्यक्त गर्नुभयो । नेपाल र बंगलादेशका सेनाबीच अत्यन्त सौहार्द्रपूर्ण सम्बन्ध रहेको चर्चा गर्नुहुँदै यो सम्बन्धलाई आगामी दिनमा थप सुदृढ बनाउँदै जान आवश्यक रहेको कुरा उहाँले उल्लेख गर्नुभयो । भ्रमणको दौरान नेपाली सेनाका विभिन्न निकायमा भएको कार्यक्रममा नेपाली सेनालाई अत्यन्त व्यावसायिक सेनाको रूपमा पाएको कुरा उल्लेख गर्नुहुँदै बंगलादेशका सेना प्रमुखले नेपाली सेनासँग संयुक्त अभ्यास तथा तालिम गर्न बंगलादेशी सेना इच्छुक रहेको कुरा व्यक्त गर्नुभयो । बंगलादेशको विभिन्न विश्वविद्यालयमा विभिन्न विषयमा नेपाली विद्यार्थीहरू अध्ययन गरिरहेको कुरा उल्लेख गर्नुहुँदै उहाँले नेपाल र बंगलादेशबीच रहिआएको परम्परागत मित्रवत् सम्बन्ध आगामी दिनमा थप सुदृढ हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

शिष्टाचार भेटका अवसरमा रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरूको समेत उपस्थिति थियो ।

**रक्षा मन्त्रालय,**
सिंहदरबार, काठमाण्डौं
२६ माघ, २०७६

(सन्तबहादुर सुनार)
सहसचिव एवं प्रवक्ता